आज मिति २०७७ कार्तिक१५ गते शनीबारका दिन यस दार्मा गाउँपालिका अध्यक्ष श्री निमबहादुर के.सी.ज्यूको अध्यक्षतामा दार्मा गाउँकार्यपालिकाको बैठक यस दार्मा गाउँपालिकाको कार्यालयमा बसि तपसिलका प्रस्तावहरुमा छलफल गरि देहाय बमोजिमका निर्णयहरु पारित गरियो ।

**उपस्थिति :**

| | |
|---|---|
| १. श्री निमबहादुर के सी | अध्यक्ष |
| २. श्री टीका शर्मा वली | उपाध्यक्ष |
| ३. श्री अमृत खडका | निमित्त प्रमुख प्रशासकीय अधिकृत |
| ४. श्री कविकुमार चन्द | सदस्य |
| ५. श्री डिल्ली वहादुर के सी | सदस्य |
| ६. श्री सेतिराम रोकाहा | सदस्य |
| ७. श्री चन्द्रबहादुर रावत | सदस्य |
| ८. श्री राम वहादुर के सी | सदस्य |
| ९. श्री दुर्गा वहादुर मल्ल | सदस्य |
| १०. श्री सन्ताराम कामी | सदस्य |
| ११. श्री अमृता कामी | सदस्य |
| १२. श्री मञ्जु शाही | सदस्य |
| १३. श्री जुना मल्ल चन्द | सदस्य |
| १४. श्री देवी खत्री | सदस्य |
| १५. श्री धनीराम नेपाली | सदस्य |
| १६ खुम बहादुर के.सी. | ना.सू. |
| १७. यज्ञ ब० वस्नेत | स्वा.शा.प्रा |

प्रस्तावहरु

१. बजेट रकमान्तर सम्वन्धमा ।
२. कोरोना संक्रमण रोकथाम सम्वन्धमा ।
३. सडक मर्मत सम्वन्धमा ।
४. डिपीआर सम्वन्धमा।
५. सामाजिक सुरक्षा भत्ता सम्वन्धमा ।
६. सडक स्तर वृद्धि गर्न साझेदारी गर्ने सम्वन्धमा ।

निर्णयहरु

**नि. नं. १ - प्रस्ताव नं.** १. छलफल गर्दा तपसिल बमोजिमको पूजिगत योजना अन्तर्गत शिर्षकबाट पूजिगत शिर्षकमा र चालु कार्यक्रम शिर्षक अन्तर्गतका शिर्षकबाट पुजीगत योजना र चालु कार्यक्रमका शिर्षकमा बजेट रकमान्तर गर्ने निर्णय गरियो ।

तपसिल

| स्विकृत योजना/ कार्यक्रम | योजना | रकमान्तर गरिएको बजेट |
|---|---|---|
| **क) पूजीगत योजना** | | |
| गाउँसभाबाट छनोट भएका खानेपानी योजना निर्माणका लागि सामग्री खरिद | दोर्मा गाउँपालिका भित्रका सडक मर्मत, तारजाली खरिद तथा सडक मर्मत सम्भार समुहको पारिश्रमिक RMG | १४,००,००० |
| गाउँसभाबाट छनोट भएका सिंचाइ योजना सामग्री खरिद | | १४,००,००० |
| मसिना वीचगाउँरातामाटा कृषि सडक निर्माण | | ५००००० |
| **जम्मा** | | ३३,००,००० |
| प्रधानमन्त्री तथा मुख्यमन्त्री रोजगार कार्यक्रमको लगि निर्माण सामग्री खरिद | इजलास ट्रष्ट निर्माण | ७००००० |
| पालिकास्तरीय अस्पताल संचालनको लागि औजार उपकरण, ल्याव सामग्री खरिद | | ७००००० |
| **जम्मा** | | १४००००० |
| पालिकास्तरीय अस्पताल संचालनको लागि औजार, उपकरण, ल्याव सामग्री खरिद | पालिका हस्पिटल भवन निर्माण स्थलमा माटोको नमुना परिक्षण | ३००००० |
| बहुउद्देश्यिय नर्सरी स्थापना ( कृषि विकास कार्यक्रम) | कृषि तथा पशु विकास योजना तथा कार्यक्रमको विस्तृत सम्भाव्यता अध्ययन | ५००००० |
| ल्याबको सामाग्री खरिद तथा संचालन व्यवस्थापन ( पशु सेवा विकास कार्यक्रम) | | ३००००० |
| भैसीपालन प्रोत्साहन कार्यक्रम (पशु सेवा विकास कार्यक्रम) | | २००००० |

अमृत खड्का
निमित्त प्रमुख प्रशासकीय अधिकृत

| | | |
|---|---|---|
| जम्मा | | १०००००० |
| सिमाखोली – गोठिवन – भुर्तिवाङ - फारुला चैतेखोला (शहिद ज्ञान उज्वल) मार्ग स्तर वृद्धि । | सिमाखोली गोठिवन त्रिवेणी सड्क स्तरोन्नती (ग्राभेल) कृषि क्षेत्र विकास कार्यक्रमसंग साझेदारी | २०००००० |
| गोठिवन - लैयाटा - विष्टगाउँ सड्क निर्माण | | १३००००० |
| जम्मा | | ३३००००० |
| ख चालु कार्यक्रम | | |
| पालिका स्तरीय अस्पताल संचालनका लागि जनशक्ति व्यवस्थापन | दार्मा गा.पा. स्थानीय तह प्रकोप व्यवस्थापन कोष | १०००००० |
| कन्ट्याक्ट ट्रिसङ र लाइन लिस्टिङको लागि भ्रमण खर्च | | ५०००० |
| गाउँपालिका वार्षिक प्रतिवेदन तयार | | १००००० |
| शैक्षिक क्यालेन्डर निर्माण तथा छपाइ खर्च | | १००००० |
| न्याय सम्पादन तथा मानव स्रोत व्यवस्थापन | | ६००००० |
| जम्मा | | १८५०००० |
| श्रममा आधारित खाद्यान्न कार्यक्रम | सवारी साधन तथा मेसिनरी औजार भाडा | १०००००० |
| श्रममा आधारित खाद्यान्न कार्यक्रम | विविध खर्च | २००००० |

**निर्णय नं २ : प्रस्ताव नं २** मा छलफल गर्दा वर्षाको समयमा पहिरो गइ विग्रेका यस दार्मा गाउँपालिका अन्तर्गतका विभिन्न सडकहरूमध्ये हाल वडा नं ३, ५ र ६ का विभिन्न सडकहरू ५/५ दिनका दरले मर्मत गर्ने निर्णय गरियो

**निर्णय नं ३ : प्रस्ताव नं ३** मा छलफल गर्दा बाहिरबाट आएकाहरु लाई होमक्वारेन्टाइनमा राख्ने लक्षण नदेखिएका लाई होम आइसोलेसनमा राख्ने र लक्षण देखिएका कोरोना पोजेटिभ केशलाई रिफर गर्ने निर्णय गरियो

**निर्णय नं ४ : प्रस्ताव नं ४ मा** छलफल गर्दा दार्मा गाँउपालिकाका तपशिल वमोजिमका योजनाहरुको तपशिल वमोजिमका खर्च शिर्षकवाट डि पि आर गर्ने निर्णय गरियो ।

तपसिल

| स्विकृत योजना/ कार्यक्रम | योजना | बजेट |
|---|---|---|
| पुजिगत अनुसन्धान तथा परामर्श सेवा | सिमाखोली - गोठीवन-भूर्तिवाङ- फारुला- चैतेखोला -कौक्ष (शहिद ज्ञान- उज्वल मार्ग) गोठीवन - त्रिवेणी - लयाँटा - विष्टगाउँ | १०,००,०००। |
| | लाकुरीडाँडा- नाउला- खागल- गलात डाँडागाउँ हुदै भातमारे जोडने सडक<br>फारुला- लेखागाउँ- झ्यामवारी सडक | १०,००,०००। |

अमृत खड्का
निमित्त प्रमुख प्रशासकीय अधिकृत

गाउँपालिका अध्यक्ष

**निर्णय नं ५- प्रस्ताव नं ५** मा छलफल गर्दा हाल सम्म दार्मा गाँउपालिकामा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरु सबैको खाता सन्चालन नभएकोले पहिलो चौमासिकमा नियमानुसार पाउनुपर्ने सामाजिक सुरक्षा भत्ता नगद वितरण गर्नको लागी कोष तथा लेखा नियन्त्रण कार्यालय, सल्यानमा अनुरोध गर्ने र दोस्रो चौमासिक देखी अनिवार्य रुपमा सामाजिक सुरक्षा भत्ता बैंकिङ प्रणाली मार्फत सम्वन्धित लाभग्राहीको खातामा जम्मा हुने गरी भुक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नं ६ - प्रस्ताव नं ६** मा छलफल गर्दा दार्मा गाउँपालिकाको एक मात्र दुग्ध चिस्यान केन्द्र सम्म जोडिएको सिमाखोली - गोठिवन – त्रिवेणी हुदै लैयाटा विष्टगाउँ सड्क साघुरो भएको र बाहै महिना यातायातका साधन संचालनमा आउन नसक्दा यस क्षेत्रमा उत्पादन हुने दुधको बजारीकरणमा समस्या रहेको छ । कृषि क्षेत्र विकास कार्यक्रमको मुल्यश्रृङ्खला विकासका लागी कृयाशील बजारमुखी सार्वजनिक तथा सामुदायीक पुर्वाधारमा सह-लगानी वा साझेदारी लगानी गर्ने कार्यक्रमको रणनिती अनुसार सिमाखोली - गोठिवन – त्रिवेणी सम्म करीव ७ किलोमिटर लम्वाई रहेको सडक स्तरोन्नती (ग्राभेल) को लागी ठेकेदार मार्फत निर्माण गर्ने गरी पालिकाबाट रु ३३ लाख कृषि क्षेत्र विकास कार्यक्रमसंग साझेदारीमा लगानी गर्ने र बाँकी बजेट व्यवस्थापनको लागी कार्यक्रम समन्वय इकाई सल्यान मार्फत कृषि क्षेत्र विकास कार्यक्रम, कार्यक्रम समन्वय कार्यालय सुर्खेतमा अनुरोध गर्ने निर्णय गरियो ।

अमृत खड्का
निमित्त प्रमुख प्रशासकीय अधिकृत

गाउँपालिका अध्यक्ष